# लागु औषध नियन्त्रण ब्यूरो

**कोटेश्वर, काठमाण्डौं**

**प्रेस विज्ञप्ति- ३६८**

**Press Release- 368**

**मिति: २०८२।०३।१७ गते।**

## लागु औषध गाँजा १०७४ किलोग्राम र अफिम २.७ किलोग्राम सहित ७ जना मानिसहरु पक्राउ।

१. ठूलो परिमाणमा लागु औषध गाँजा घर कम्पाउण्मा संञ्चय गरी राखेको भन्ने विशेष सूचनाको आधारमा यस लागु औषध नियन्त्रण व्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोली र स्थानिय प्रहरी समेतको समन्वयमा मिति २०८२।०३।१६ गते बिहान ०८:०० बजेको समयमा जिल्ला मकवानपुर, कैलाश गा.पा. वडा नं. ५ कटहरे, पोखरी स्थितवाट ४ जना मानिसहरुलाई निजहरुले घरमा संञ्चय गरी राखेको **लागु औषध गाँजा १०७४ किलोग्राम** सहित पक्राउ गरी आवश्यक अनुसन्धान कारवाहीको लागि ईलाका प्रहरी कार्यालय पालुङ, मकवानपुरमा बुझाइएको।

२. बिशेष सुचनाको आधारमा लागु औषध नियन्त्रण व्यूरो शाखा कार्यालय धनगढी, कैलालीबाट खटिएको प्रहरी टोलीले मिति २०८२।०३।१६ गते बेलुकी १८:०० बजेको समयमा जिल्ला कैलाली, घोडाघोडी न.पा. वडा न. १ स्थितवाट ३ जना मानिसहरुलाई **लागु औषध अफिम २.७ किलोग्राम** सहित पक्राउ गरि आवश्यक अनुसन्धान कारवाहीको लागि ईलाका प्रहरी कार्यालय सुक्खड, कैलालीमा बुझाइएको।

पक्राउ परेका मानिसहरु उपर लागु औषध (नियन्त्रण) ऐन २०३३ बमोजिम आवश्यक अनुसन्धान भई रहेको ब्यहोरा सुचित गरिन्छ।

❖ **लागु औषध गाँजा सहित पक्राउ परेका प्रतिबादीहरुको बिवरण :**

१. जिल्ला मकवानपुर कैलाश गा.पा. वडा नं. ५ कटहरे ठेगाना भएका बर्ष ७३ को हरी बहादुर वाईवा ।
२. ऐ.ऐ. ठेगाना भएका बर्ष ४८ को बुद्दि बहादुर पाख्रिन भन्ने बद्रि बहादुर पाख्रिन।
३. ऐ.ऐ. पोखरी ठेगाना भएका बर्ष ३४ को अरूण गोले।
४. ऐ.ऐ. पोखरी ठेगाना भएका बर्ष १९ को राजेन्द्र लामा।

❖ **लागु औषध अफिम सहित पक्राउ परेका प्रतिवादीहरुको बिबरण :**

१.जिल्ला हुम्ला सार्किघाट गा.पा. वडा न. ५ ठेगाना भएका बर्ष ३४ को लोकेन्द्र शाही।
२. ऐ.ऐ. ठेगाना भएका बर्ष २७ को शालु शाही।
३. जिल्ला रोल्पा सुनछहरी गा.पा. वडा न. ३ ठेगाना भएका बर्ष ३२ की पुर्णिमा पुन मगर।

**गाँजा**



**अफिम**



**सह-प्रवक्ता**
**(जिवन निरौला)**
**प्रहरी नायव उपरीक्षक**

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal